## गोकुलगङ्गा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**रस्नालु, रामेछाप**

# आर्थिक बर्ष २०७९।०८० को बजेट वक्तव्य

२०७९ साल असार १० गते

गाउँपालिका उपाध्यक्ष श्री उषा कार्कीले

गाउँसभामा प्रस्तुत गर्नु भएको

Website: http://www.gokulgangamun.gov.np

Email : gokulganga.gapa@gmail.com

**गाउँसभाका अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरु,**

**राजनीतिक दलका प्रतिनिधि, गाउँपालिका तथा मातहत कार्यालयका राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, बुद्धीजिवी, सञ्चारकर्मी, नागरिक समाजका अगुवा, सुरक्षाकर्मी लगायत यस गरिमामय सभामा उपस्थित आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरु**

स्थानीय तहको पहिलो तथा दोस्रो निर्वाचनबाट निर्वाचित पदाधिकारीहरुले बजेट आफैले निर्माण गरी गाउँसभामा छलफल तथा स्वीकृतिको लागि पेश गरी कार्यान्वयन गर्ने चलनको थालनी भएको छैठौ बार्षिक बजेट प्रस्तुत गर्नको लागि आयोजित यो गरिमामय दोश्रो गाउँसभाको पहिलो तथा स्थानीय तहको नियमित एघारौं अधिवेसनमा नेपालको संविधान २०७२ को धारा २२८ अनुसारको कर शुल्क, दस्तुर निर्धारण सहितको आर्थिक ऐन, २०७९, धारा २२९ अनुसारको सञ्चित कोष बाट खर्च गर्ने गरी धारा २३० अनुसार तयार पारेको आर्थिक बर्ष २०७९/०८० को राजश्व र व्ययको विवरण सहितको बार्षिक बजेट र सो बजेट खर्च गर्न बनेको बिनियोजन ऐन, २०७९ प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस गौरवपूर्ण अबसरमा नेपाल र नेपाली जनताको हित हुनेगरी व्यबस्था परिवर्तनको लागि भएका बिभिन्न आन्दोलन तथा संघर्षहरुमा आफ्नो जीवन बलिदान गर्नुहुने सम्पूर्ण शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै घाईते तथा अपाङ्गहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । त्यसैगरी नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायि भुमिका निर्वहा गर्नु हुने राजनीतिक दल, नागरिक समाजका अगुवा, बुद्धिजिवी तथा पेशाकर्मी महानुभावहरु लगायत सम्पूर्ण अग्रजहरुमा आदरभाव प्रकट गर्दछु ।

मिति २०७९ साल बैसाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट गोकुलगंगाबासी आदरणिय मतदाताहरुले हामिलाई माया गरी निर्वाचित गरेर सेवा गर्ने अवसर दिनु भएकोमा उहाँहरु सबै प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै पहिलो स्थानीय तहको निर्वाचन २०७४ मा निर्वाचित जनप्रतिनिधिहरुले आफ्नो कार्यकाल सफलतापुर्वक सम्पन्न गरी बिदा हुनु भएकोमा उहाँहरु सबैलाई धन्यवाद दिन चाहन्छु । पहिलो कार्यकालका जनप्रतिनिधिहरुले गाउँपालिकामा ५ बर्षमा गर्नु भएको कामको उच्च मुल्याङ्कन गर्दै बाँकी रहेका कामहरु जनभावना र उपलब्ध

साधनस्रोतको उपलब्धता हेरी सोहि अनुसार क्रमश पुरा गर्दै जाने बाचाको साथ आर्थिक बर्ष २०७९/०८० को बजेट निर्माण गरिएको जानकारी गराउन चाहन्छु ।

## आर्थिक बर्ष २०७९/०८० को बजेटको सोच, लक्ष्य र अपेक्षित उपलब्धिहरु

आर्थिक बर्ष २०७९/०८० को बजेट निर्माण गर्दा नेपाल सरकार र बागमति प्रदेश सरकारले समय समयमा घोषणा गरेका लक्ष्यहरु, नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरु तथा गाउँपालिकाले निर्माण गरेको आवधिक योजना, एघारौं गाउँसभाले पारित गरेको नीति तथा कार्यक्रमले निर्दिशष्ट गरेका कार्यक्रमहरु र गाउँपालिका बासी नागरिकहरुको चाहनालाई सम्बोधन गर्ने गरी बजेट निर्माण गरेको छु ।

गोकुलगंगा गाउँपालिकाको नीति तथा कार्यक्रममा उल्लेखित मुल नारा **शिक्षा, स्वास्थ्य कृषि र पुर्वाधार हाम्रो गाउँपालिका निर्माणको मुख्य आधार** र **हाम्रो दायित्व, अठोट र प्रतिबद्धता गाउँपालिका बिकासमा सबैको ऐक्यबद्धता** भन्ने मुल मन्त्रलाई मध्यनजरी गरी सोही अनुसारको बजेट तथा कार्यक्रम निर्माण गरी गाउँपालिकाबासीको आर्थिक, सामाजिक, सांस्कृतिक उन्नती र प्रगती गर्ने लक्ष्यको साथ आर्थिक बर्ष २०७९/०८० को बजेट निर्माण गरेको छु ।

आर्थिक बर्ष २०७९/०८० को बजेटले ८०० वटा धारा निर्माण, ३० देखी ४० किमी सडकको स्तरोन्नती, केहि बिद्यालयहरुमा बैकल्पिक माध्यमबाट पठनपाठन सञ्चालन, बाल कक्षा शिक्षक थप, प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका अन्य पुर्वाधार निर्माणबाट करिब तिनहजार जनालाई रोजगार उपलब्ध गराउने, कृषि उत्पादन र उत्पादकत्व बृद्धिको लागि सहुलियतपूर्ण कर्जा लगायतको प्रोत्साहनको कार्यक्रम सञ्चालन, स्वास्थ्य नागरिक निर्माणको लागि आबश्यक पुर्वाधार तथा जनशक्ति तयार गर्ने, ज्येष्ठ नागरिकहरुलाई सम्मान तथा सहयोग, सुत्केरी तथा गर्भवती महिलाको स्वास्थ्यमा सुधार गराई बाल तथा मातृ मृत्यूदर घटाउने अपेक्षा गरेको छु ।

## बजेट निर्माण गर्दा अपनाईएका नीति तथा आधारहरु

संघीयताको सुन्दर पक्षको रुपमा कार्यान्वयन भईरहेको आफ्नो बिकासको योजना आफै निर्माण गरी कार्यान्वयन गर्ने अभियानलाई आत्मसाथ गरी राज्यको निर्देशक सिद्धान्त, नागरिकहरुको मौलिक हक, पन्ध्रौं योजनाले लिएको लक्ष्य, दिगो

बिकासको लक्ष्य, गरिबी न्यूनिकरण, गाउँपालिकाको मौलिकता, स्थानीय बासिन्दाको भावना तथा गाउँपालिकाको टोलबस्ति र वडाबाट छनौट भई आएका योजना तथा कार्यक्रमहरु, एघारौं गाउँसभाले पारित गरेको नीति तथा कार्यक्रममा उल्लेख गरिएका बिषयहरु, संघीय तथा प्रदेश सरकारले पठाएको मार्गदर्शनको आधारमा गाउँपालिकाको आबश्यक्तालाई प्राथमिकतामा राखी बजेट निर्माण गरेको छु ।

अब म आर्थिक बर्ष २०७९/०८० ले क्षेत्रगत रुपमा निर्धारण गरी पारित भएको नीति तथा कार्यक्रमले निर्दिष्ट गरेको बुँदाहरुको कार्यान्वयन हुने गरी क्षेत्रगत रुपमा बजेट निर्माण गर्दा लिईएका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सामाजिक बिकास :** शिक्षा क्षेत्रलाई समयानुकुल परिवर्तन, सुधार र थप व्यबस्थित बनाउनको लागि प्रतिस्प्रधि र सफल बनाई प्रोत्साहन गर्ने, उच्च शिक्षा अध्ययनको लागि छात्रबृतिको व्यबस्था गरिनुका साथै स्वास्थ्य, यूवा तथा खेलकुद, महिला बालबालिका तथा ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरु, दलित, सिमान्तकृत, अल्पसंख्यक व्यक्तिहरुको समतामुलक बिकासको लागि आबश्यक पर्ने साधन, स्रोत सुनिश्चित गर्ने, बिपन्न नागरिक आर्थिक सहायता जस्ता कार्यक्रमको लागि आबश्यक बजेट व्यबस्था गरेको छु ।

**आर्थिक बिकास :** परम्परागत खेति प्रणालिलाई रुपान्तरण गरी आधुनिक तथा व्यबसायिक खेती बिकास तथा कृषक प्रोत्साहन गर्ने, पशुपंक्षिपालनको माध्यमबाट पशुजन्य उत्पादन परिपुर्ति गर्ने, साना तथा घरेलु उद्योगको बिकास गरी सिपयुक्त जनशक्ति तयार गर्ने, सहकारीहरुको नियमन तथा परिचालन गर्ने, सार्बजनीक निर्माण मार्फत रोजगारी सिर्जना गर्ने कार्यलाई प्राथमिकतामा राखी बजेट निर्माण गरेको छु ।

**पुर्वाधार बिकास :** गाउँपालिकाका सडक, सिंचाई, भवन, झोलुङ्गे पुल लगायतका पुर्वाधार निर्माण मार्फत रोजगारीको अबसर सिर्जना गरी जनताहरुको आर्थिक तथा सामाजिक स्तर सुधार गर्ने गरी प्रशासनीक भवन निर्माण साझेदारी, एकघर एकधारा निरन्तरता, संघीय र प्रदेश समपुरक कोषबाट निर्माण हुने सडकहरुको लागि आबश्यक बजेट बिनियोजन गरेको छु ।

**वन, वातावरण तथा विपद् व्यबस्थापन :** आपत्कालिन मर्मत संभारकोष, एम्बुलेन्स मर्मत कोष, जेसिबी मर्मत कोष, तारजालि खरिद लगायतका कार्यक्रमहरुको लागि आबश्यक बजेट बिनियोजन गरेको छु ।

**सार्वजनिक सेवा तथा क्षमता बिकास :** न्यायिक समिति सञ्चालन, ऐन कानुन निर्माण, सुशासन, प्रणालि सुधार, संघसंस्था साझेदारी, सर्भे सामाग्री खरिद, कार्यालय व्यबस्थापन, पञ्जिकरण, कर्मचारी सेवा सुबिधा, जनप्रतिनिधिको सुबिधा, कर्मचारीको बढेको तलब, महंगी भत्ता, प्रोत्साहन भत्ता, र गाउँपालिकाको आबश्यक्ता हेरी थप कर्मचारी व्यबस्था गर्न आबश्यक पर्ने बजेट व्यबस्था गरेको छु ।

आर्थिक बर्ष २०७९/०८० को लागि संघीय तथा बागमति प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण मार्फत हस्तान्तरण भई आएका सर्शत तर्फका कार्यक्रमहरुलाई नेपाल सरकार तथा प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि, निर्देशिका, मापदण्ड र मार्गदर्शनको आधारमा कार्यन्वयन हुने व्यबस्था मिलाएको छु ।

## अनुमानित आय तथा स्रोत व्यबस्थापन

नेपाल सरकारबाट प्राप्त बित्तिय समानीकरण अनुदान, सर्शत/समपुरक/बिशेष अनुदान, राजश्व बाँडफाँड, सामाजिक सुरक्षा भत्ता, बागमति प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान, सर्शत/समपुरक/बिशेष अनुदान, सवारी कर राजश्व र आन्तरिक आय समेत गरी जम्मा **रु. एकहत्तर करोड चौसट्ठी लाख उनान्सय हजार** अनुमानित आय निर्धारण गरेको छु । यसको विवरण तलको तालिकामा उल्लेख गरेको छु ।

<u>श्रोतगत बजेट विवरण</u>

| क्र.सं. | बजेटको श्रोतगत विवरण | रकम रु.अंकमा. | रकम रु. अक्षरमा |
|---|---|---|---|
| १ | नेपाल सरकार बित्तिय समानीकरण अनुदान | १३,७९,००,०००।०० | रु. तेह्र करोड उनान्असी लाख |
| २ | नेपाल सरकार सर्शत अनुदान | १९,९३,००,०००।०० | रु. उन्नाईस करोड त्रियानब्बे लाख |
| ३ | नेपाल सरकारको राजश्व बाँडफाँड | ८,८७,२२,०००।०० | रु. आठ करोड सतासी लाख बाईस हजार |
| ४ | जलविद्युत रोयल्टी | ४,५०,००,०००।०० | रु. चार करोड पचास लाख |
| ५ | प्रदेश सरकार बित्तिय समानीकरण अनुदान | १,३१,१७,०००।०० | रु. एक करोड एकतिस लाख सत्र हजार |
| ६ | प्रदेश सरकार सर्शत | २,१०,०८,०००।०० | रु. दूई करोड दश लाख आठ हजार |
| ७ | प्रदेश सरकार सवारी कर राजश्व बाँडफाँड | २,६६,७४,०००।०० | रु. दूई करोड छैसट्ठी लाख चौहत्तर हजार |

| | | | |
|---|---|---|---|
| ८ | स्थानीय राजश्वबाँडफाँड | ४२,००,०००।०० | रु. बयालिस लाख |
| ९ | आन्तरिक आम्दानी तथा अन्य स्रोत | २,५०,८७,०००।०० | रु. दुई करोड पचास लाख सतासी हजार |
| १० | नेपाल सरकार समपुरक अनुदान | १,५०,००,०००।०० | रु. एक करोड पचास लाख |
| ११ | प्रदेश समपुरक अनुदान | १,७४,९१,०००।०० | रु. एक करोड चौहत्तर लाख एकानब्बे हजार |
| १२ | नेपाल सरकार बिशेष अनुदान | १,३०,००,०००।०० | रु. एक करोड तिस लाख |
| १३ | प्रदेश बिशेष अनुदान | १,५०,००,०००।०० | रु. एक करोड पचास लाख |
| १४ | सामाजिक सुरक्षा भत्ता | ९,५०,००,०००।०० | रु. नौ करोड पचास लाख |
| | **जम्मा** | ७१,६४,९९,०००।०० | रु. एकहत्तर करोड चौसठ्ठी लाख उनान्सय हजार |

माथि उल्लेख गरिएका सबै शिर्षकहरुबाट प्राप्त हुने जम्मा रकम **रु. एकहत्तर करोड चौसठ्ठी लाख उनान्सय हजार**को सिमा भित्र रहि देहायमा उल्लेखित बिषयगत क्षेत्रहरुमा रकम बिनियोजन गरेको छु ।

आर्थिक बर्ष २०७९/०८० को लागि बजेट बिनियोजन गर्दा निम्न शिर्षक अन्र्तगत राखी बजेट बाँडफाँड गरेको छु ।

क) आर्थिक बिकास

ख) सामाजिक बिकास

ग) पुर्वाधार बिकास

घ) वन, वाताबरण तथा विपद् व्यबस्थापन

ङ) सुशासन तथा संस्थागत बिकास (न्यायिक समिति समेत)

माथि उल्लेखित बिषयगत क्षेत्रहरुको लागि कुल विनियोजित रकम मध्ये चालु तर्फ **रु. नौ करोड सतासी लाख** विनियोजन गरेको छु भने पुँजिगत लगायत अन्य कार्यक्रम तर्फ **रु. चौबिस करोड बिस लाख** विनियोजन गरेको छु । सामाजिक सुरक्षा भत्ता वापत **रु. नौ करोड पचास लाख**, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त शर्सत, समपुरक र बिशेष अनुदान

रकम जम्मा **रु. अठ्ठाईस करोड सात लाख उनान्सय हजार** सम्बन्धित सरकारले तोकेका कार्यक्रमहरुको कार्यविधि, मापदण्ड र मार्गदर्शनको आधारमा उल्लेख गरिएकै कार्यक्रममा खर्च हुने गरी व्यबस्था गरेको छु ।

आर्थिक बर्ष २०७९/०८० मा बजेटको प्रमुख प्राथमिकताको क्षेत्रहरुमा शिक्षा, स्वास्थ्य, कृषि र पुर्वाधार तोकी त्यसैको आधारमा बजेट निर्माण गरेको छु । अब म बिषयगत क्षेत्रहरु तर्फको **रु. सोह्र करोड पैतिस लाख** विनियोजनको शिर्षकगत खर्च उल्लेख गर्ने अनुमति चाहन्छु ।

## आर्थिक बिकास तर्फको व्यय विवरण

आर्थिक बिकास तर्फका कृषि, उद्योग व्यवसाय, पर्यटन, पशुपंक्षी लगायतका सम्पूर्ण आयोजना तथा कार्यक्रमहरुमा खर्च गर्ने गरी कुल रकम **रु. एक करोड अठार लाख** विनियोजन गरेको छु र यसको आयोजना तथा कार्यक्रमगत विवरण पछाडीको तालिकामा उल्लेख गरेको छु ।

## सामाजिक बिकास तर्फको व्यय विवरण

सामाजिक बिकास तर्फका शिक्षा, स्वास्थ्य, खेलकुद, सामाजिक समाबेशिकरण लगायतका आयोजना तथा कार्यक्रमहरुमा खर्च गर्ने गरी कुल रकम **रु. चार करोड पचहत्तर लाख** विनियोजन गरेको छु र यसको आयोजना तथा कार्यक्रमगत विवरण पछाडीको तालिकामा उल्लेख गरेको छु ।

## पुर्वाधार बिकास तर्फको व्यय विवरण

पुर्वाधार बिकास तर्फका सडक, धार्मिक स्थलहरु, भवन तथा अन्य पुर्वाधार, एक घर एक धारा कार्यक्रम, एकिकृत बस्ति, पर्यटन पुर्वाधार लगायतका सम्पूर्ण पुर्वाधार आयोजना तथा कार्यक्रमहरुमा खर्च गर्ने गरी कुल रकम **रु. सात करोड सन्तानब्बे लाख** विनियोजन गरेको छु र यसको आयोजना तथा कार्यक्रमगत विवरण पछाडीको तालिकामा उल्लेख गरेको छु ।

## वन, वाताबरण तथा विपद् व्यबस्थापन तर्फको व्यय विवरण

वन, वाताबरण तथा विपद् व्यबस्थापन तर्फका आपतकालिन कार्य सञ्चालन केन्द्र, बाढी पहिरो नियन्त्रण, आपतकालिन राहत तथा उद्दार, तारजालि, एम्बुलेन्स तथा जेसिबी सञ्चालन लगायतका आयोजना तथा कार्यक्रमहरुमा खर्च गर्ने गरी कुल रकम **रु. एक करोड**

**पैतालिस लाख** विनियोजन गरेको छु र यसको आयोजना तथा कार्यक्रमगत विवरण पछाडीको तालिकामा उल्लेख गरेको छु ।

## सुशासन तथा संस्थागत बिकास तर्फको व्यय विवरण

सुशासन तथा संस्थागत बिकास तर्फका संगठन संरचना, अति आबश्यक दरबन्दी सृजना, सुशासन तथा सेवा प्रवाह, सफ्टवेयर खरिद, क्षमता बिकास, सूचना तथा सञ्चार र न्यायीक समिति समेतको आयोजना तथा कार्यक्रमहरुमा खर्च गर्नका लागि कुल **रु. एक करोड** रकम विनियोजन गरेको छु र यसको आयोजना तथा कार्यक्रमगत विवरण पछाडीको तालिकामा उल्लेख गरेको छु ।

## वडा कार्यालयहरु तर्फको व्यय विवरण

यसै गरी वडा तर्फ विनियोजन गरिएको जम्मा **रु. सात करोड पचासी लाख** बजेटबाट आर्थिक बिकास तर्फ **रु. अन्ठाउन्न लाख पचास हजार,** सामाजिक बिकास तर्फ **रु. एक करोड त्रिचालिस लाख तिस हजार,** पुर्वाधार बिकास तर्फ **रु. पाँच करोड अठसठ्ठी लाख बिस हजार** र सेवा प्रवहा तथा संस्थागत बिकास तर्फ **रु. पन्ध्र लाख** निनियोजन गरेको छु ।

गाउँपालिका भित्र कार्यरत गैरसरकारी संस्थाहरु गोर्खा वेलफेयर, सेतो गुराँस, ग्रामिण स्वास्थ्य परियोजना र ग्रामिण स्वास्थ्य र शिक्षा सेवा गुठी लगायतका आर्थिक बर्ष २०७९/०८० मा काम सम्पन्न गर्ने गरी प्रस्ताब गरेका आयोजनाहरुमा संस्थाको नियमानुसार गाउँपालिकाको समन्वयमा खर्च हुने गरी प्रस्ताव गरेका देहाय बमोजिमका रकमहरुलाई सोहि अनुसार खर्च हुने गरी व्यबस्था मिलाएको छु । संस्थाहरुको बार्षिक बजेट विवरण देहाय बमोजिम रहेको जानकारी गराउँछु ।

क) गोर्खा वेलफेयर रु.

ख) सेतो गुराँस रु. एक करोड बाउन्न लाख बिस हजार आठ सय अठचालिस रुपैयाँ

ग) ग्रामिण स्वास्थ्य परियोजना रु. सतासी लाख छ सय बिस

घ) ग्रामिण स्वास्थ्य र शिक्षा सेवा गुठी रु. एक करोड नौ लाख एघार हजार छयालिस रुपैयाँ

अन्त्यमा माथि उल्लेखित बिषय क्षेत्रहरुको लागि विनियोजित बजेट र उक्त बजेटले निर्दिष्ट गरेका आयोजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्नका लागि गाउँसभाका सम्पूर्ण

वडाध्यक्ष, कार्यपालिका सदस्य, सभाका सदस्यहरु, गाउँ कार्यपालिकाका कर्मचारीहरु लगायत सरोकारबाला सबैको सहयोगको अपेक्षा गरेको छु । साथै यस एघारौं गाउँसभामा उपस्थित भई प्रस्तुत बजेटलाई ध्यानपुर्वक सुनिदिनु भएकोमा आभार व्यक्त गर्दै म बिदा हुन चाहन्छु ।

# धन्यबाद !

## अनुसूची-१

## गोकुलगंगा गाउँ कार्यपालिकाको कार्यालय वा अर्न्तगतको बजेटको विवरण

| सि. नं. | आयोजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रु. अंकमा | बिनियोजित रकम रु. अक्षरमा |
|---|---|---|---|
| १ | शिक्षा (सूचना प्रबिधि, बाल शिक्षा अन्य) | १८८०००००।०० | एक करोड अठासी लाख |
| २ | खेलकुद | १५०००००।०० | पन्ध्र लाख |
| ३ | औषधि खरिद (निशुल्क औषधि वितरण र संघ प्रदेशमा नपरेका कार्यक्रम) | ७५०००००।०० | पचहत्तर लाख |
| ४ | अस्पताल (तलब भत्ता, उपकरण, औषधि) | ५००००००।०० | पचास लाख |
| ५ | नेपाल सरकारले तोकेको ८ वटा रोगको उपचारमा विपन्न नागरिक आर्थिक सहायता | १२०००००।०० | बाह्र लाख |
| ६ | नागरिक आरोग्य केन्द्र सञ्चालन कोष | १५०००००।०० | पन्ध्र लाख |
| ७ | आर्थिक अबस्था कमजोर भएका विपन्न नागरिक सहायता कोष (दश हजार/प्रति व्यक्ति) | ५०००००।०० | पाँच लाख |
| ८ | सामाजिक समाबेशिकरण कार्यक्रम (दलित) | १००००००।०० | दश लाख |
| ९ | प्रधानमन्त्री रोजगार कार्यक्रम (सामाग्री खरिद, ढुङ्गा ढुवानी, जालि ढुवानी, अनुगमन मुल्याङ्कन) | २००००००।०० | बिस लाख |
| १० | संघ, संस्था साझेदारी कोष | ३००००००।०० | तिस लाख |
| ११ | पञ्जिकरण (सामाजिक सुरक्षा भत्ता वितरण सहजिकरण) | ५०००००।०० | पाँच लाख |
| १२ | महिला बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवति महिला सहायोग कार्यक्रम | ५००००००।०० | पचास लाख |
| १३ | पशुपंक्षि शाखाको कार्यक्रम सञ्चालन | ३००००००।०० | तिस लाख |
| १४ | कृषि बिकास शाखाको कार्यक्रम सञ्चालन | ५००००००।०० | पचास लाख |
| १५ | सहकारी तर्फको कार्यक्रम सञ्चालन (पर्यटन तर्फ समेत) | १००००००।०० | दश लाख |
| १६ | लघु उद्यम (मेडपा कार्यक्रम प्रबिधि हस्तान्तरण) | १५०००००।०० | पन्ध्र लाख |
| १७ | उद्योग तर्फको कार्यक्रम सञ्चालन | १००००००।०० | दश लाख |
| १८ | भुमि व्यबस्थापन (भुमी आयोग) | ३०००००।०० | तिन लाख |
| १९ | सडक मर्मत संभार कोष | ४५०००००।०० | पैतालिस लाख |
| २० | झोलुङ्गे पुल साझेदारी कोष | १००००००।०० | दश लाख |
| २१ | समपुरक कोष (प्रशासनिक भवन, संघ प्रदेश सडक) | ५३००००००।०० | पाँच करोड तिस लाख |

| | | | |
|---|---|---|---|
| २२ | खानेपानी तथा सरसफाई एकघर एकधारा | १५०००००००।०० | एक करोड पचास लाख |
| २३ | एकिकृत बस्ति बिकास कार्यक्रम सञ्चालन | २००००००।०० | बिस लाख |
| २४ | मठमन्दिर गुम्बा पार्क लगायतका पुर्वाधार | ४२०००००।०० | बयालिस लाख |
| २५ | वन, वातावरण तथा विपद् आपतकालिन कोष | ४००००००।०० | चालिस लाख |
| २६ | एम्बुलेन्स मर्मत कोष | १२०००००।०० | बाह्र लाख |
| २७ | जेसिबी मर्मत (इन्धन समेत) | १३०००००।०० | तेह्र लाख |
| २८ | तरजालि खरिद (भर्ने काम र रोजगार संग साझेदारी) | ८००००००।०० | असि लाख |
| २९ | न्यायिक समितिको कार्यक्रम सञ्चालन | १००००००।०० | दश लाख |
| ३० | ऐन, कानुन, नीति निर्माण (संस्थागत क्षमता, प्रणाली सुधार, सफ्टवेयर) | २५०००००।०० | पच्चिस लाख |
| ३१ | सुशासन (जनप्रतिनिधि कर्मचारी क्षमता बिकास) | १००००००।०० | दश लाख |
| ३२ | फर्निचर तथा फिक्चर्स (प्रशासकीय र कर्मचारी आवास) | ४००००००।०० | चालिस लाख |
| ३३ | सर्भे औजार तथा उपकरण खरिद (पुर्वाधार) | १५०००००।०० | पन्ध्र लाख |
| | | | |